हामी सवैको रहर : शिक्षित, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर"

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**शैक्षिक प्रशासन महाशाखा**
विराटनगर, मोरंग
प्रदेश नं.१, नेपाल

प.स. :२०७९/०८०
च.नं.: ५२ (१)

---

मिति:२०७९।०४।१५

**विषय:दिवा खाजा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

श्री सबै सामुदायिक विद्यालयहरु,
विराटनगर महानगरपालिका,मोरङ ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव श्रोत विकास केन्द्र,सानोठिमी भक्तपुरको च.न.०९ मिति २०७९।०४।०३ गतेको प्राप्त पत्र बमोजिम साविकमा प्रारम्भिक बालविकास कक्षादेखी कक्षा ५ सम्मका विद्यार्थीहरुका लागि सञ्चालन हुँदै आएको दिवा खाजा कार्यक्रम सम्बत् २०७९ साल जेष्ठ १५ गतेका दिन संघीय सरकारबाट जारी भएको आ.ब.२०७९।०८० को आय व्यय विवरण (बजेट वक्तव्य) मार्फत् कक्षा ६ सम्म कार्यक्रम विस्तार भएको व्यहोरा उल्लेख गरी सो सम्बन्धमा चालु आ.ब.२०७९।०८० मा सबै सामुदायिक विद्यालयका कक्षा ६ मा अध्ययनरत विद्यारथीका लागि समेत बजेट विनियोजन भएकोले २०७९ साल श्रावण महिनाबाट बालविकास कक्षादेखि कक्षा ६ सम्मका विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वयनको व्यवस्था मिलाउनका लागि कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० मा उल्लेख भई आउने भनी लेखी आएकोले यस विराटनगर महानगरपालिका भित्र सञ्चालित सबै सामुदायिक विद्यालयहरुले सम्बत् २०७९ श्रावण महिनाबाट साविक बमोजिम प्रति विद्यार्थी प्रति दिन रु १५ का दरले प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ६ सम्मका विद्यार्थीहरुलाई दिवा खाजा खुवाउने व्यवस्था मिलाउन हुन अनुरोध छ ।

२०७९।०४।१५

.....................
कृष्ण भट्टराई
अधिकृत (सातौं)
अधिकृत सातौं

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(.........योजना तथा अनुगमन......शाखा)

पत्र संख्या :- २०७९।८०
चलानी नं. :- 08

सानोठिमी, भक्तपुर
मिति: २०७९।०४।०३

विषयः दिवा खाजा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

**श्री स्थानीय तह**
**७५३ वटै ।**

प्रस्तुत विषयमा साविकमा बालविकास कक्षादेखि कक्षा ५ सम्मका विद्यार्थीहरूका लागि सञ्चालन हुँदै आएको दिवा खाजा कार्यक्रम सम्वत् २०७९ साल जेष्ठ १५ गतेका दिन संघीय सरकारबाट जारी भएको आ.व. २०७९।८० को आय व्यय विवरण (बजेट वक्तव्य) मार्फत् कक्षा ६ सम्म विस्तार भएको व्यहोरा अवगत नै छ । सो सम्बन्धमा चालु आ.व. २०७९।८० मा सबै सामुदायिक विद्यालयका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूका लागि समेत बजेट विनियोजन भएकाले २०७९ साल श्रावण महिनादेखि बालविकास कक्षादेखि कक्षा ६ सम्मका विद्यार्थीहरूका लागि दिवा खाजा कार्यक्रम कार्यान्वयनको व्यवस्था मिलाउनु हुन अनुरोध छ । कार्यक्रम कार्यान्वयन सम्बन्धी विस्तृत कार्यप्रक्रिया कार्यक्रम कार्यान्वय पुस्तिका, २०७९।८० मा उल्लेख भइ आउने भएकोले सोही अनुसार गर्नु गराउनु हुन केन्द्रको मिति २०७९।०४।०३ गतेको निर्णय अनुसार अनुरोध छ ।

**बोधार्थः**
श्री शिक्षा विकास तथा समन्वय इकाइ,
सबैः आवश्यक समन्वय र सहजीकरणका लागि ।

२०७९।४।३

रामप्रसाद शर्मा
शाखा अधिकृत